# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## शुभकामना सन्देश

नेपालको मुख्यतया पहाडी क्षेत्रमा बसोबास गर्ने संस्कृतिका धनी गुरुङ समुदायद्धारा नयां वर्षको रुपमा मनाइने तमु ल्होसार पर्वको अवसरमा बागमती प्रदेश लगायत देश विदेशमा रहनुहुने सम्पूर्ण गुरुङ समुदायका दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्दछु ।

तमु ल्होसार तमु अर्थात गुरुङ समुदायको महान चाड हो । ल्होसारको अघिल्लो दिनदेखि नै पुजापाठ, नाचगान, भोजभतेर गरेर नयां वर्षको स्वागत गरिन्छ । ल्होसारको दिन ढोगभेट र शुभकामना आदानप्रदान गरिन्छ । मौलिक पहिरनमा सजिएर खानपिन, नाचगान र हर्षोल्लासका साथ गुरुङ समुदायले आफ्नो मौलिक कला र संस्कृतिको पहिचान प्रस्तुत गर्दछन् ।

हाम्रा मौलिक चाडपर्वहरु सम्पन्नताका परिचायक हुन् । सम्पन्नतालाई आर्थिक समृद्धिमा मात्र नहेरी मौलिक कला, संस्कृति र रहनसहनसंग जोडेर हेर्नुपर्दछ । बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक सम्पदाका धनी हामी नेपाली भौतिक समृद्धिको उच्चतम विन्दुमा पुगेका राष्ट्रका जनताभन्दा खुशी र समृद्ध छौं । विविधताबिचको अभूतपूर्व एकता र मेलमिलाप हाम्रो गौरव हो र रहनुपर्दछ ।

तमु ल्होसार पर्वले एकता, सहकार्य र विकासको मार्गमा डोऱ्याई स्थिरता, शान्ति र समृद्धि हासिल गर्न हेतु अघि बढ्न सम्पूर्ण नेपालीलाई प्रेरित गर्ने विश्वासका साथ पुनः सबैमा तमु ल्होसारको शुभकामना व्यक्त गर्दछु ।

**२०८२ साल पुस १५ गते, मंगलबार**
**ने.सं. ११४६ प्वहेलाथ्व: दशमी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**